ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स:** ०७१-४३८९५४

Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

लेखापरीक्षण नभएको वित्तीय विवरण

आर्थिक वर्ष २०७८/७९ (दोश्रो त्रयमास)

रु. हजारमा

क्र. स.	विवरण	मिति		
		२०७८ पौष मसान्त	२०७८ असोज मसान्त	२०७७ पौष मसान्त
१.	**कुल पुंजी तथा दायित्व** (१.१ देखि १.७ सम्म)	१६,८८१,३३५	१६,७६०,९८४	१४,०९३,८७८
१.१	चुक्ता पुंजी	९८२,५००	९८२,५००	९८२,५००
१.२	जगेडा तथा कोषहरु	१,२०४,९८३	१,१०७,०५१	७७०,८८६
१.३	ऋणपत्र तथा बण्डहरु	–	–	–
१.४	सापटी	६,९२३,५५१	७,०२१,०५०	५,१७९,७४४
१.५	निक्षेपहरु (क+ख)	३,९२५,२२७	३,८४९,७८९	३,७५४,६१७
	क) सदस्य	३,९२५,२२७	३,८४९,७८९	३,७५४,६१७
	ख) सर्वसाधारण	–	–	–
१.६	आयकर दायित्व	८१,४४०	३९,४७०	७६,४६१
१.७	अन्य दायित्व	३,७६३,६३४	३,७६१,१२४	३,३२९,६७०
२	**कुल सम्पति** (२.१ देखि २.७ सम्म)	१६,८८१,३३५	१६,७६०,९८४	१४,०९३,८७८
२.१	नगद तथा बैंक मौज्दात	५६४,३५२	५७७,३२९	७७७,९५८
२.२	माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	–	–	–
२.३	लगानी	२,०२५	२०२,०२५	३२,०२५
२.४	कर्जा तथा सापट	१३,९५०,१९२	१३,५९२,६९०	११,१८९,७६२
२.५	स्थिर सम्पति	२५,१११	२४,३२७	२८,६४४
२.६	गैर बैकिङ्ग सम्पति	–	–	–
२.७	अन्य सम्पतिहरु	२,३३९,६५५	२,३६४,६१३	२,०६५,४८९
३	**नाफा नोक्सान हिसाब**			–
३.१	ब्याज आम्दानी	१,००१,४०६	४७७,४२६	८२६,३९५
३.२	ब्याज खर्च	३६९,२११	१७५,३६४	२६८,०९२
क	**खुद ब्याज आम्दानी** (३.१-३.२)	६३२,१९५	३०२,०६२	५५८,३०३
३.३	कमिशन तथा अन्य सञ्चालन आम्दानी	१०५,७९४	५९,१९८	८७,०३२
३.४	सटही घटवढ आम्दानी/नोक्सान (खुद)	–	–	–
ख	**कुल संचालन आम्दानी** (क+३.३+३.४)	७३७,९८९	३६१,२६०	६४५,३३५
३.५	कर्मचारी खर्च	२९५,१३३	१५९,६२२	३४०,०५०
३.६	अन्य सञ्चालन खर्च	५२,९४३	२७,२११	४६,७२८
ग	**सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा** (ख-३.५-३.६)	३८९,९१३	१७४,४२७	२५८,५५७
३.७	सम्भावित नोक्सानी व्यवस्थाहरु	१०४,४४०	३८,९९६	५७,८६४
घ	**सञ्चालन मुनाफा** (ग-३.७)	२८५,४७३	१३५,४३१	२००,६९३
३.८	गैर सञ्चालन आम्दानी/(नोक्सान) (खुद)			९३
३.९	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	१३,१३९	९,२९१	७९,५५४
ङ	**नियमित कारोबारहरुबाट भएको मुनाफा/(खर्च)** (घ+३.८+३.९)	२९८,६१२	१४४,७२२	२८०,३४०
३.१०	असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) (खुद)			१८
च	**बोनस तथा करअघिको मुनाफा** (ङ+३.१०)	२९८,६१२	१४४,७२२	२८०,३५८
३.११	कर्मचारी बोनस व्यवस्था	२७,१४७	१३,१५७	२५,४८७
३.१२	आयकर व्यवस्था	८१,४४०	३९,४७०	७६,४६१
छ	**खुद नाफा/(नोक्सान)** (च-३.११-३.१२)	१९०,०२६	९२,०९६	१७८,४१०
४	**अनुपातहरु** (%)			
४.१	पुँजीकोष/जोखिम भारीत रकम	११.४१%	१०.८९%	११.४०%
४.२	निष्क्रिय कर्जा/कुल कर्जा	४.७१%	३.२५%	४.२०%
४.३	कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्क्रिय कर्जा	१३८.०५%	१९१.६०%	१०९.७०%
४.४	Cost of funds (वित्तीय लागत)	७.७०%	६.६८%	६.२२%
४.५	Deposit to credit Ratio (कर्जा/निक्षेप अनुपात)	२८.१४%	२८.३२%	३३.५५%

सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले माथिको अपरिस्कृत वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ । विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुनर्समूहकरण तथा पुनर्वर्गिकरण गरिएको छ ।

ब्याजदर

बचतमा ५-८.५ प्रतिशत र कर्जामा १३-१५ प्रतिशत

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०७८/७९ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. प्रमुख वित्तीय विवरण:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक): रू.३८.६८ — **मूल्य आम्दानी अनुपात : २६.५६**

प्रति शेयर नेटवर्थ : रू. २२२.६४ — **प्रति शेयर कूल सम्पत्ति : रू. १,७१८.२०**

तरलता अनुपात : ५.२० — **पूजीकोष अनुपात : ११.४१ प्रतिशत**

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण: समीक्षा अवधिमा संस्थाको सदस्य संख्या, लगानीमा रहेको कर्जा तथा बचत कारोवार बृद्धिसँगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । बजारमा तरलताको चापको कारणले समीक्षा अवधिमा संस्थाको तरलतामा केही कमी आएको भएतापनि संस्थाको लागि आवश्यक तरलता व्यवस्थापनमा संस्था कटीबद्ध छ । समीक्षा अवधिमा निक्षेप, कर्जा तथा मुनाफा सन्तोषजनक बृद्धि भएको वित्तीय विवरणले प्रष्ट पारेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले लघुवित्त सेवाको पहुँच नेपाल अधिराज्यभर पुऱ्याउने लक्ष्यको साथ कार्य गरिरहेको छ । यस संस्थाको कार्यक्रम पुग्न बाँकी रहेको जिल्लाहरुमा कार्यक्रम बिस्तारको लागि नयाँ अवसरको पहिचान सहित योजनाबद्धरुपमा संस्थाको कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ । आगामी दिनमा संस्थाको सेवालाई ग्राहक सदस्यहरुको चाहना र समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान व्यवस्थापन लागि रहेको छ ।

ग) बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रबाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: हालको बर्तमान परिस्थितिमा सम्पूर्ण बैकिंग्र प्रणालीमा तरलताको अभाव रहेको र यसैको कारण संस्थाको कोषको लागतमा बृद्धि हुन गएको छ । आवश्यक वित्तीय श्रोत समेत उपलब्ध हुन नसकेको अवस्था रहेको छ । मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटना, कोभिड-१९ को महामारी लगायतका कारणले यस संस्थामा केही असर परेको छ । हालैका दिनमा कोभिड-१९ को महामारीको प्रभाव केही न्यून हुँदै गइरहेको अवस्थाले संस्थाको कर्जा तथा बचत कारोबारमा नियमितता भई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन लागिरहेको छ ।

३. कानुनी कारवाही सम्वन्धी विवरण :

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भइरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

शेयरको अधिकतम मूल्य: रू.१,१४२/- — **शेयरको न्यूनतम मूल्य:रू.८,००/-**

शेयरको अन्तिम मूल्य: रू.१,०४३/- — **कारोवार भएको कुल दिन: ५५ दिन**

कारोवार भएको कुल शेयर संख्या: ६,२१,०४६ — **कारोबार संख्या : ८,००५**

५) समस्या तथा चुनौती :

समस्या:

क. तरलतामा अत्याधिक चाप ।

ख. वित्तीय श्रोतको अभाव र अनिश्चितता ।

ग. ऋण सापटको स्थिर ब्याजदरको अभाव ।

घ. कर्मचारीहरुमा अनिवार्य तथा स्वेच्छिक अवकाश लिने क्रममा बृद्धि ।

चुनौती :

क. देशमा लघुवित्त वित्तीय संस्थाहरुले शाखा विस्तार गर्ने क्रम जारी रहेकोले लघुवित्त क्षेत्र थप प्रतिस्पर्धात्मक एवं चुनौतिपूर्ण बन्दै गएको ।

ख. कर्जा लगानीमा दोहोरोपना बढेको ।

ग. कर्जाको ब्याजदर घटाउदै लगिएको तर Cost of Fund मा सोही अनुरुप कमी भई स्थिर दर कायम हुने/नहुने यकिन नभएको ।

घ. कोभिड-१९ को प्रथम, दोश्रो र तेश्रो लहरको संक्रमण जोखिमले पारेको असर ।

रणनीति:

क. श्रोतको उचित व्यवस्थापन एवं सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने ।

ख. खर्चमा मितव्ययिता अपनाउने ।

ग. आधुनिक प्रविधिको प्रयोग गरी कारोबारलाई सुरक्षित बनाउदै जैजाने ।

घ. कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने ।

ङ. दक्ष र प्रविधिमैत्री कर्मचारीहरु भर्ना गर्दै जाने ।

च. कर्जा असुली नियमित र प्रभावकारी बनाउदै कर्जाको गुणस्तर कायम गर्ने ।

६) संस्थागत सुशासन :

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशनको पूर्णरुपमा पालना गर्नुका साथै संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कार्य गरिरहेको छ । संस्थाको कार्यक्रम सञ्चालन समेतमा जोखिम कम गरी कारोवारलाई चुस्त, छिटो छरितो, पारदर्शी र सुरक्षित बनाउन विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको छ । आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन, संस्थागत सुशासन कायम गर्न र जोखिम न्यूनिकरण गर्न सञ्चालक तथा व्यवस्थापनस्तरीय विभिन्न समिति तथा उपसमितिहरु क्रियाशील रहेका छन् । साथै, नेपाल राष्ट्र बैंकको निरीक्षण, बाह्य तथा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनका आधारमा संस्थालाई अझ सुदृढ बनाउन संस्था कटिबद्ध रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।